# किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४

**प्रस्तावना** : कृषि क्षेत्रको अपार सम्भावनालाई वास्तविकतामा रुपान्तरण गरी राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरण गर्ने प्रमूख जिम्मेवारी आम किसानहरुको काँधमा रहेको कुरालाई आत्मसात गरी उनीहरुका हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि किसानहरुसंग सम्वन्धित संघ/संगठनलाई औपचारिकरुपमा राज्यका निकायमा दर्ता गर्न आवश्यक भएकोले, राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा ६(ठ) ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ जारी गरेको छ ।

## पच्छिेद १

१. **संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस कार्यविधिको नाम "किसान संघ/संगठन दर्ता कार्यविधी, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आयोग" भन्नाले राष्ट्रिय किसान आयोग सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले किसान संघ/संगठन को अध्यक्ष वा संयोजक वा सभापति सम्झनु पर्छ ।

(ग) "आदेश" भन्नाले राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले किसान संघ/संगठनको सदस्य सम्झनु पर्छ ।

(ङ) "किसान संघ/संगठन" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने कृषि क्षेत्र सँग आवद्ध नेपाली किसानहरुको गैरनाफामूलक संस्थालाई जनाउने छ ।

(च) "सचिवालय" भन्नाले राष्ट्रिय किसान आयोगको सचिवालय सम्झनु पर्छ ।

(छ) "सदस्य सचिव" भन्नाले राष्ट्रिय किसान आयोगको सदस्य सचिव सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(झ) "कृषि" भन्नाले कृषि, पशुपंछी, मत्स्य, खाद्य प्रविधि, जैविक प्रविधि लगायतका क्षेत्रलाई सम्झनु पर्छ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

३. <u>उद्देश्यः यस कार्यविधीको उद्देश्य निम्नानुसार रहेका छन</u> :-

(क) किसान संघ/संगठन को दर्ता प्रक्रियालाई सरल एवं व्यवस्थित बनाउने,

(ख) किसान संघ/संगठनहरुको शसक्तिकरण गर्ने ।

(ग) किसान संघ/संगठन को कानून बमोजिम नियमन गर्ने ।

(घ) किसान संघ/संगठन दर्ताका सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्थाको वारेमा प्रसार/प्रचार गर्ने ।

परिच्छेद – २

किसान संघ/संगठन दर्ता सम्वन्धी व्यवस्था

४. <u>निवेदन दिनु पर्ने</u> :

(१) यस कार्यविधि बमोजिम किसान संघ/संगठन दर्ता गर्न राष्ट्रिय किसान आयोग वा आयोगले तोकेको संघिय, प्रादेशिक वा स्थानीय सरकारको कुनै पनि कार्यालयमा रु. १०।- को टिकट टाँस गरी अनुसूची –१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदन साथ देहायका कागज प्रमाणको रुपमा पेश गर्नु पर्नेछः-

(क) प्रस्तावित किसान संघ/संगठनको प्रमाणित सक्कल विधान/विनियम २ प्रति

(ख) किसानहरु भेला भई किसान संघ/संगठन गठन गर्ने निर्णय गरेको निर्णय पुस्तिकाको निर्णय प्रतिलिपि थान — १ (एक)

(ग) किसान संघ/संगठन गठनमा आवद्ध पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान — १ (एक)

(घ) किसान संघ/संगठनको कार्ययोजना

(ङ) किसान संघ/संगठनको दर्ता सम्वन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र

(च) आवेदन पत्रमा नयाँ किसान संघ/संगठनको हकमा प्रस्तावित किसान संघ/संगठनको तदर्थ समितिको अध्यक्षले र यो कार्यविधि जारी हुनु अगाडी देखी नै कृयाशिल किसान संघ/संगठनको हकमा किसान संघ/संगठनको अध्यक्ष, सभापति वा संयोजकले दस्तखत गरेको हुनुपर्दछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय

(छ) यस कार्यविधिमा यस अघि जे भनिएको भएतापनि यो कार्यविधि जारी हुनु भन्दा अगाडी नेपालमा कृयाशिल किसान संघ/संगठनहरुको दर्ताको हकमा दफा ४ को उपदफा २ को (ख), (ग), (घ), (ङ) र (च) बाहेकका अन्य प्रावधानहरु मात्र आवश्यक पर्नेछ ।

५. <u>किसान संघ/संगठनको दर्ता</u> :

(१) मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा छरिएर रहेका किसानहरुलाई संगठित गरी राज्यसँग किसानहरुको सामूहिक हित प्रवर्द्धन गर्ने उद्देश्यले देहाय वमोजिमको किसान संघ/संगठनहरु गठन गर्न सकिनेछः-

(क) प्रादेशिक किसान संघ/संगठनहरु,
(ख) केन्द्रीय किसान संघ/संगठन/महासंघहरु,
(ग) राष्ट्रिय किसान संजालहरु,

(२) दफा ३ बमोजिमका कागजपत्रहरु सहित राष्ट्रिय किसान आयोगमा प्राप्त आवेदनहरु उपर आयोगबाट मुल्याङ्कन गरी आयोगको तोकिएको शाखामा उपदफा १ बमोजिका किसान संघ/संगठनहरु आवेदन प्राप्त भएको मितिले वढिमा १ महिना भित्रमा दर्ता गरिसक्नु पर्नेछ ।

(३) उपदफा २ बमोजिम किसान संघ/संगठनहरु दर्ता भए पश्चात आयोगले दर्ताको प्रमाण पत्र जारी गर्नेछ । किसान संघ/संगठनहरु दर्ताको प्रमाण पत्रको ढाँचा अनुसूची-२ बमोजिमको हुनेछ ।

(४) उपदफा २ बमोजिम किसान संघ/संगठनहरु दर्ता गर्नको लागि राष्ट्रिय किसान आयोगले श्रावण र पौष महिना गरी बर्षको २ पटक सार्वजनिक सूचना प्रकाशन गरी दर्ताको लागि सार्वजनिक आव्हान गर्नेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद – ३

## किसान संघ/संगठन नियमन सम्बन्धी व्यवस्था

६. <u>किसान संग/संगठनहरुले पालना गर्नुपर्ने कार्यहरु</u> :

(क) दर्ता भएका सम्बन्धित संघ/संगठनको विधानले व्यवस्था गरे अनुसार नियमित रुपमा वैठक, सम्मेलन, भेला र साधारण सभा गर्नु पर्नेछ ।

(ख) साधारण सभाबाट पारित विधान र कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको नामावली आयोगलाई जानकारी गराई अद्यावधिक गराउनु पर्नेछ ।

(ग) आयोगमा दर्ता भएका किसान संघ/संगठनहरुले आर्थिक कारोबार गर्दा बैंक खाता मार्फत पारदर्शी रुपमा गर्नु पर्नेछ ।

(घ) आयोगमा दर्ता भएका किसान संघ/संगठनहरुले स्वदेशी तथा विदेशी दातृ निकायहरुबाट राज्यको नियम बमोजिम आर्थिक सहयोग लिन सक्नेछन् । तर वैदेशिक सहयोग लिएको अवस्थामा आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(ङ) दर्ता गर्दा किसान संघ/संगठनहरुले आफ्नो केन्द्रीय कार्यालयको ठेगाना उल्लेख गर्नु पर्नेछ । कार्यालयको ठेगाना परिवर्तन भएमा आयोगलाई १५ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद – ४

## विविध

७. <u>किसान संघ/संगठनको दर्ताको लागि आवश्यक प्रावधानहरु</u> : किसान संघ/संगठन दर्ता गर्ने आयोगका अधिकार प्राप्त अधिकारी समक्ष पेश हुन आउने संघ/संगठन दर्ताको प्रस्तावित विधान/विनियममा देहाय बमोजिमको हुनुपर्नेछ,–

(क) किसान संघ/संगठनको उद्देश्य किसानको हकहित र अधिकारको सिद्धान्तसँग मिल्ने,

(ख) किसान संघ/संगठनको कार्यक्रम सदस्यको पेशा, रोजगारी र व्यवसायमा टेवा पुर्‍याउने,

(ग) किसान संघ/संगठनको विधानहरुको किसानको हकहित र अधिकार सँग सम्वन्धित सिद्धान्त अनुरुपको हुनुपर्ने,

(घ) किसान संघ/संगठनको विधान समान आवश्यकता र समान चाहना भएका व्यक्तिहरुले स्वेच्छिक रुपमा संस्थाको सदस्यता माग गर्दा सदस्यता प्रदान गर्न सक्ने भएको हुनुपर्ने,

(ङ) किसान संघ/संगठनको कार्य योजना सदस्यहरुको सामूहिक पेशागत हित गर्ने,

(छ) किसान संघ/संगठनमा प्राकृतिक व्यक्तिहरुमात्र सदस्य हुने भएकोले संस्था दर्ता गर्दा निवेदन दिने आवेदकहरु अलग–अलग परिवारका कम्तिमा २५० जना व्यक्तिहरु हुनुपर्ने छ । तर यो कार्यविधि जारी हुनु अगाडी नेपालमा कृयाशिल किसान संघ/संगठनहरुको हकमा यो प्रावधान लागू हुने छैन ।

८. <u>जानकारी दिनुपर्ने</u> : यस कार्यविधि बमोजिम कुनै निवेदन उपर कारवाही अघि बढाउन तथा किसान संघ तथा संगठन दर्ता गर्न नसकिने भएमा दर्ता हुन नसक्नुको कारण सहित सम्वन्धित पक्षलाई १५ दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

९. <u>संशोधन र खारेजी</u> :

(१) यो कार्यविधिमा आयोगले आवश्यकतानुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

(२) यो कार्यविधि लागू भएपछि नेपालमा कृयाशिल किसान संघ/संगठनहरु यसै कार्यविधि बमोजिम अनिवार्य रुपमा दर्ता हुनु पर्नेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची –१

किसान संघ/संगठन दर्ता निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू,
राष्ट्रिय किसान आयोग
..............................

विषय : <u>किसान संघ/संगठन दर्ता गर्ने सम्बन्धमा</u> ।

महोदय,

हामी देहायका किसानहरु/किसान संघ/संगठनहरु देहायका प्रावधान सहितको किसान संघ/संगठनको उद्देश्य अनुरुप किसान संघ/संगठनले तत्काल गर्ने कार्य सम्वन्धी योजना र प्रस्तावित किसान संघ/संगठनको विनियम २ प्रति यसै साथ पेश गरेका छौं ।

१. किसान संघ/संगठन सम्वन्धी विवरणः-

(क) प्रस्तावित किसान संघ/संगठन को नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः-

(छ) सदस्य संख्याः-

१. महिला ............. जना

२. पुरुष ............ जना

(ज) सम्पर्क ठेगाना :-

१) सम्पर्क व्यक्तिः ........................२) फोन/मोबाईल नं. .................

३) इमेल ठेगानाः ............................................

आवेदक

..........................

मिति :–

........................ अध्यक्ष/संयोजक/सभापति/तदर्थ अध्यक्ष

........................ किसान संघ/संगठन

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची –२

किसान संघ/संगठन दर्ता प्रमाण पत्रको ढाँचा

नेपाल सरकार

राष्ट्रिय किसान आयोग,

काठमाण्डौ, नेपाल ।

<u>किसान संघ/संगठन दर्ताको प्रमाण पत्र</u>

दर्ता नं. :..........................

श्री...........................................................................................नामको किसान संघ/संगठन सम्बत् २०.........साल.............महिना..................गते रोज ..............मा यस आयोगमा दर्ता भएको हुनाले किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम यो प्रमाण पत्र दिईएको छ ।

मितिः ...................................

.........................................

सदस्य सचिव

अनूसूची ३ :

किसान संघ/संगठनको छापको नमूना

किसान संघ/संगठनको छापमा देहायमा उल्लेखित कुराहरु अनिवार्य रुपमा समावेश गरेको हुनुपर्दछ ।

किसान संघ/संगठनको नामः

ठेगानाः

स्थापित बर्षः

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार